खोटेहाङ गाउँपालिका

खोटेहाङ गाउँपालिका
कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

# पशु फार्म पूर्वाधार सुदृढिकरण तथा पशु नश्ल सुधार अनुदान कार्यक्रम सञ्चालन कार्यविधि-२०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०९/१६

खोटेहाङ गाउँपालिका

खोटाङ जिल्ला

१ नं प्रदेश

# प्रस्तावना

नेपालको कूल ग्राहस्थ उत्पादनको करिव १२ प्रतिशत र कृषि क्षेत्रको करिव ३२ प्रतिशत योगदान रहेको पशु उत्पादन क्षेत्र समयक्रमसँगै व्यवसायिकतातर्फ उन्मुख भइरहेको छ । खोटेहाङ गाउँपालिकाको पशु उत्पादन क्षेत्र निर्वाहमूखीबाट व्यवसायिकरणतर्फ अगाडि बढाउन लगानी विस्तारको विकल्प छैन । यस क्षेत्रको खेती योग्य जमिनहरु बाँझिन्दै गइरहेको र खेती गरिरहेका जमिनहरुमा पनि जङ्गली जनावर आदिको आक्रमणले अन्नबाली जोगाउन मुस्किल परिरहेको परिप्रेक्षमा व्यवसायिक पशुपालनको आवश्यकता र महत्व बढ्दै गइरहेको छ । यस गाउँपालिकाको हरेक वडामा परंपरादेखि नै पशुपालन व्यवसाय हुँदै आइरहेको छ । तर सिमित कृषकहरु बाहेक धेरैको व्यवसाय परंपरागत रहेको हुँदा पशुपालनबाट जति फाईदा लिन सकिने हो सो लिन सकिरहेको छैन । यसर्थ खोटेहाङ गाउँपालिकाको पशुपालन व्यवसायलाई व्यसायीकरण गर्न संलग्न कृषक, समूह तथा निजी फर्महरुलाई उत्प्रेरित गर्ने गरी अनुदानको कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गर्न बान्छनीय भएकोले यो कार्यविधि जारी गरिएको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस कार्यविधिको नाम **पशु फार्म पूर्वाधार सुदृढिकरण तथा पशु नश्ल सुधार अनुदान कार्यक्रम सञ्चालन कार्यविधि-२०७७** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२) परिभाषाः**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कार्यपालिका"** भन्नाले खोटेहाङ गाउँ कार्यपालिकालाई बुझ्नु पर्छ ।

(ख) **"समिति"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि विकास समितिलाई बुझ्नु पर्छ ।

(ग) **"शाखा"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि तथा पशु विकास शाखालाई बुझ्नु पर्छ ।

(घ) **"वडा कार्यालय"** भन्नाले खोटेहाङ गाउँपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्छ ।

(ङ) **"मुल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको बुँदा नं ४ बमोजिम गठन भएको समितिलाई बुझ्नु पर्दछ ।

(च) **"उद्यमी/व्यवसायी"** भन्नाले गाउँपालिका तथा करदाता कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गरेका कृषि/पशु फार्म तथा व्यवसायिक कृषकहरुलाई बुझ्नु पर्दछ ।

(छ) **"पशु व्यवसायी कृषक"** भन्नाले बाखाको हकमा २० माउ, भैंसीको हकमा ४ माउ र बङ्गुरको हकमा कम्तीमा ७ वटा (२ माउ) पालिरहेका कृषकहरुलाई बुझ्नु पर्दछ ।



गाउँ कार्यपालिकाको कार्यालय
खोटेहाङ गाउँपालिका
खोटाङबजार, खोटाङ
२०७३

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## ३) कार्यक्रम सञ्चालनको उद्देश्यः

पशु फार्म पूर्वाधार सुदृढीकरण अनुदान कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिमको हुने छ ।

(क) पशुपालन व्यवसायलाई आधुनीकिकरण एवं व्यवसायिकरण गर्ने ।

(ख) पशुपालन व्यवसायको गुणस्तरमा सुधार ल्याउने ।

(ग) उत्पादन लागत घटाई पशुपालन व्यवसायलाई नाफामूलक बनाउने ।

(घ) निश्चित समय भित्र खोटेहाङ गाउँपालिकालाई दुध र मासुमा आत्मनिर्भर बनाई निर्यात गर्ने ।

# परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

## ४) कार्यक्रम सञ्चालन गरिने वडाहरु :

यो कार्यक्रम खोटेहाङ गाउँपालिकाका सबै वडाहरुमा सञ्चालन गरिने छ ।

## ५) प्रस्ताव आह्वान

(क) यस कार्यविधि बमोजिम कृषकहरुलाई अनुदान उपलब्ध गराउन गाउँपालिकाको पशु विकास शाखाले तोकिएको ढाँचामा इच्छुक कृषि/पशुपालन उद्यमीहरुलाई स्थानीय पत्रपत्रिका, स्थानीय रेडियो, गाउँपालिकाको वेभसाइट, फेसबुक पेज आदि मार्फत कम्तीमा १५ दिनको समय दिएर प्रस्ताव आह्वान गर्नुपर्ने छ । यस्तो सूचना गाउँपालिका तथा सम्पूर्ण वडा कार्यालयहरुको सूचना बोर्डमा टाँस गर्ने व्यस्था मिलाउनु पर्ने छ ।

(ख) यस कार्यविधि अनुरुप अनुदान माग गर्न चाहने कृषि/पशुपालन उद्यमीलाई तोकिएको मिति भित्र कार्य विवरण सहित अनुसूचि १ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ ।

(ग) कृषि/पशु उद्यमीले सम्बन्धित कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा सम्बन्धित वडा कार्यालयको सिफारिस, व्यवसाय/समूह दर्ता/नवीकरण प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र, अनुभव तथा तालिमको प्रमाण-पत्रको प्रतिलिपि आदि पेश गर्नु पर्नेछ ।

## ६) प्रस्ताव मूल्याङ्कन समिति

१) यस कार्यविधि बमोजिम अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क) खोटेहाङ गाउँपालिकाका उपाध्यक्ष | -संयोजक |
| ख) कृषि विकास समितिका संयोजक | -सदस्य |
| ग) गाउँ कार्यपालिकाले तोकेको एक वडाध्यक्ष | -सदस्य |
| घ) कृषि विकास समितिले तोकेको एक सदस्य | -सदस्य |
| ङ) पशु विकास शाखा प्रमुख | -सदस्य सचिव |

२) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

३) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाका अध्यक्ष, वडाध्यक्षहरु तथा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

४) मूल्याङ्कन समितिले आवश्यकता अनुसार अन्य विज्ञहरुलाई समेटेर स्थलगत अध्ययन समेत गर्न सक्ने छ ।

५) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव र स्थलगत अनुगमन समितिको प्रतिवेदनलाई आधार मानेर अनुसूची २ अनुसारको फारम भर्नु पर्ने छ । ५०% भन्दा कम अङ्क प्राप्त गर्ने आवेदनलाई कार्यक्रममा सहभागी गराईने छैन ।

## ७) पशु फार्म पूर्वाधार सुदृढिकरणको लागि प्रदान गरिने अनुदान सम्बन्धि व्यवस्थाः

(क) यो अनुदान कार्यक्रम कम्तीमा ६ महिना अगाडि सम्बन्धित निकायमा दर्ता गरी सञ्चालन गरिरहेका कृषि/पशु फर्मलाई प्रदान गरिने छ । यो कार्यक्रममा बाखाको हकमा कम्तीमा २० माउ, भैंसीको हकमा कम्तीमा ४ माउ, बङ्गुरको हकमा कम्तीमा ७ वटा (२ माउ) पालिरहेका कृषकहरुलाई खोर/गोठ निर्माण, पाठा-पाठी/पाडा-पाडी खरिद आदिमा ५० देखि ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराईने छ । दलित, लोपउन्मुख समूह, अपाङ्ग, ६० वर्षभन्दा कम उमेरका एकल महिलाद्वारा सञ्चालित फर्म र खोटेहाङ गाउँपालिकाले पहिचान गरेको अति विपन्न घरधुरीका कृषकहरुले सञ्चालन गरेको फर्मलाई ७५% र बाँकीको हकमा ५०% अनुदान उपलब्ध गराईने छ ।

(ख) अनुदान रकम नियमानुसार एक आर्थिक वर्षको लागि मात्र उपलब्ध गराईने छ । एकपटक अनुदान लिएको व्यक्ति वा संस्थाले आगामी २ आर्थिक वर्षसम्म सोही प्रकृतिको अनुदान पाउने छैन । अन्य निकायबाट यस्तै प्रकृतिको अनुदान पाएको व्यक्ति वा संस्थालाई पनि यो अनुदान उपलब्ध गराईने छैन

(ग) एक कृषक वा संस्थाले एउटा व्यवसायमा मात्र सहभागी हुन पाउने छ ।

(घ) पशु फार्म सुदृढिकरणको लागि अनुदान लिन चाहने कृषक वा संस्थाले भाडामा लिएको जमिनमा गोठ वा खोर निर्माण गर्न चाहेको हो भने जमिन कम्तीमा ५ वर्षको लागि भाडामा लिएको हुनुपर्ने छ ।

(ङ) अनुदानबाट निर्माण हुने गोठ वा खोरको नमूना र सो को स्टिमेट पशु सेवा कार्यालय वा गाउँ पालिकाको प्राविधिक शाखाले उपलब्ध गराउने छ।

(च) पाठा-पाठी वा पाडा-पाडी खरिद गर्दा मान्यता प्राप्त फर्महरुबाट गाउँपालिका वा अन्य निकायको दर/रेट अनुसार गर्नुपर्ने छ ।

## ८) व्यक्ति छनौट प्रक्रिया :

गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम र गाउँपालिकाबाट प्रकाशित सूचना अनुसार कृषि/पशु उद्यमीहरुले गरेको प्रस्तावको आधारमा पशुपालन उद्यम गरिरहेका कृषक र व्यवसायिक कृषि वा पशुपालन गरिरहेका सक्रिय समुह तथा वडाहरु छनौट गर्नु पर्ने छ ।

## ९) कार्यक्रम सञ्चालनका लागि कषि/पशु फर्म छनौटका आधारहरु

(क) कृषि/पशु फर्म दर्ता गरी व्यवसायिक रुपमा पशुपालन गरिरहेका उद्यमीलाई प्राथमिता दिइने छ ।

(ख) २० माउभन्दा बढी बाखा, ५ माउभन्दा बढी भैंसी, ७ वटाभन्दा बढी बङ्गुर (२ माउ) पालेको कृषकलाई प्राथमिकता दिइने छ ।

(ग) पशुपालनको लागि (बाखा, भैंसी) ब्यवसायिक घाँस खेती गरिरहेका फर्महरुलाई प्राथमिकता दिइने छ ।

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रदीप राई
गाउँपालिका अध्यक्ष

(घ) सम्बन्धित विषयमा मान्यता प्राप्त निकायबाट तालिम प्राप्त गरेको वा भेटेनरी अध्ययन गरी फर्म सञ्चालन गरिरहेको ।

(ङ) दलित, अल्पसङ्ख्यक, अपाङ्ग, ६० वर्षभन्दा कम उमेरको एकल महिलाद्वारा र गाउँपालिकाले पहिचान गरेको विपन्न घरधुरीद्वारा सञ्चालित फर्महरुलाई प्राथमिकता दिइने छ ।

**१०) अनुदान रकमको व्यवस्था :**

मूल्याङ्कन समितिबाट छनौट भएका कृषि पशु उद्यमीलाई अनुसूची ३ अनुसारको फारम भराएर खोर/गोठ निर्माण तथा पाठापाठी/पाडापाडी खरिदको लागि बढीमा १,००,००० (एक लाख) सम्म अनुदान उपलब्ध गराईने छ ।

**११) अनुदान रकम प्रवाहको व्यवस्था :**

निर्माण तथा खरिद र ढुवानी कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरिक्षण गरी प्राविधिक र समितिको सिफारिस प्राप्त भएपछि मात्र खोटेहाङ गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउने छ ।

**१२) अन्य सर्तहरु :**

(क) न्यूनतम मापदण्ड पूरा नगरेको खण्डमा अनुदान वापतको रकम उपलब्ध गराउन गाउँपालिका बाध्य हुने छैन ।

(ख) कार्यक्रममा सहभागी कृषकहरुले अनिवार्यरुपमा ५ वर्षसम्म उक्त कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

(ग) माथि उल्लेखित सर्तहरु उल्लंघन भएको भेटिएमा अनुदान वापतको रकम गाउँपालिकाले फिर्ता लिन सक्ने छ । साथै आगामी दिनमा गाउँपालिकाबाट प्राप्त हुने कुनै पनि अनुदानको कार्यक्रममा सहभागी हुनबाट सम्बन्धित व्यक्तिलाई बञ्चित गरिने छ ।

## परिच्छेद ३

**१३) अनुगमन, निरिक्षण तथा मुल्याङकन सम्बन्धि व्यवस्था**

यस कार्यविधि अनुसार उपलब्ध गराईने अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा अनुगमन, निरिक्षण तथा मुल्याङ्कन गर्न सक्ने छ ।

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३

प्रदीप राई

## परिच्छेद-४
## विविध व्यवस्था

### १४) बाधा अडकाउ फुकाउने अधिकार

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरुमा द्विविधा उत्पन्न भएमा वा यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्ने छ ।

### १५) प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

### १६) कार्यविधि संशोधन

खोटेहाङ गाउँ कार्यपालिकाले यस कार्यविधिमा समयानुकूल संशोधन गर्न सक्ने छ ।



प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-१

(कार्यविधिको बुँदा न ५ (ख) सँग सम्बन्धित

अनुदान सहयोगको लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मिति....................

श्रीमान् प्रमुख

पशु **विकास शाखा, खोटेहाङ गाउँपालिका, खोटाङ**

विषयः **पशु फार्म पूर्वाधार सुदृढिकरण तथा पशु नश्ल सुधार अनुदान कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराई दिन हुन ।**

मेरो/हाम्रो नाममा.....................कार्यालयमा दर्ता भएको दर्ता नं.......................को ...........................................कृषि/पशु फर्मलाई **पशु फार्म पूर्वाधार सुदृढिकरण तथा नश्ल सुधार अनुदान कार्यक्रम** उपलब्ध गराई दिन हुन निवेदन दस्तुर वापतको राजश्व दाखिला गरी भौचर सहित यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको विवरण

१) कृषि/पशु फर्मको नामः

२) सञ्चालकको नामः

३) ठेगाना :

४) फर्म दर्ता नं र मितिः

५) सञ्चालकको नागरिकता नं:

६) लगानी भएको पूँजी

क) स्थीर पूँजी :

ख) चाजु पूँजीः

६) फर्मबाट हुने वार्षिक आम्दानी रु :

७) माग गरिएको कार्यक्रमः

**संलग्न कागजातहरु**

१) व्यवसाय दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपि

२) पान नंको प्रतिलिपि

३) करचुक्ताको प्रतिलिपि

४) अनुभव वा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि

५) सम्बन्धित वडाको सिफारिस

६) सम्बन्धित कृषकले तीन वर्ष अगाडि देखि हालसम्म माग गरिएको यस प्रकृतिको अनुदान कुनै निकायबाट प्राप्त नगरेको स्वः घोषणा

७) व्यवसायिक कार्य योजना

**निवेदक**

नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नः

संस्थाको छापः

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

# अनुसूची-२

कार्यविधिको बुदाँ नं ६ (५) सँग सम्बन्धित

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

| क्र.सं. | मुल्याङ्कनका आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | भेटेनरी अध्ययन गरेर सम्बन्धित निकायमा दर्ता गरी व्यवसाय सञ्चालन गरेको कृषि/पशु फार्म | २० |
| | मान्यता प्राप्त निकायबाट कम्तीमा १० दिनको भेटेनरी सम्बन्धि तालिम लिई सम्बन्धित निकायमा दर्ता गरेर सञ्चालन गरेका कृषि/पशु फार्म | १५ |
| | १० दिनभन्दा कम वा तालिम नै नलिई सम्बन्धित निकायमा दर्ता गरी कृषि/पशु फार्म सञ्चालन गरिरहेको हकमा | १० |
| २ | दलित, लोपउन्मुख, अपाङ्ग, ६० वर्षभन्दा कम उमेरकी एकल महिलाद्वारा सञ्चालित र गाउँपालिकाले पहिचान गरेको अति विपन्न घर परिवारमा सूचिकृत व्यक्तिले सम्बन्धित निकायमा दर्ता गरी सञ्चालन गरिरहेको कृषि फर्म | २० |
| ३ | तोकिएभन्दा बढी संख्यामा पशुपालन गरिरहेको | २० |
| ५ | परिवारका सदस्य बाहेक अन्यलाई समेत रोजगार दिइरहेको फर्म | २० |
| ४ | व्यवसायिक कार्य योजना | २० |

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-३

(कार्यविधिको बुदाँ नं १० सँग सम्बन्धित

## पशु फार्म पूर्वाधार सुदृढिकरण अनुदान कार्यक्रम हस्तान्तरणको सम्झौता

लिखित् खोटाङ जिल्ला खोटेहाङ गाउँपालिका..........नं वडा.......................................................................टोल बस्ने म श्री..................................................................................................................................ले ..........................................मितिमा.......................................................कार्यालयमा दर्ता गरी सञ्चालन गरिरहेको........................................................................................फर्मको तर्फबाट यस गाउँपालिकाबाट मिति...........................मा प्रकाशित.....................................................................................शिर्षकको सूचना बमोजिम ............................................................. **पशु फार्म पूर्वाधार सुदृढिकरण तथा पशु नश्ल सुधार अनुदान कार्यक्रम** माग गरेको छु । मैले यस कार्यविधिलाई राम्ररी बुझेको छु । प्राप्त गरेको अनुदानको सही उपयोग गर्ने छु । प्राप्त अनुदान अनसारको व्यवसाय आजका मितिले ५ वर्षसम्म निरन्तर गर्ने छु । यो सम्झौता विपरित काम गरेको प्रमाणित भएमा गाउँपालिकाबाट अनुदान स्वरुप प्राप्त गरेको रकम फिर्ता गर्नुका साथै भविष्यमा गाउँपालिकाद्वारा प्रदान गरिने कुनै पनि अनुदानको लागि अयोग्य हुन मञ्जुर भई यस सम्झौतामा सहीछाप गरिदिएँ ।

### प्राप्त गरेको उपकरणको विवरण

| सि. नं | अनुदानको नाम | परिमाण | दर | गा.पा.को अनुदान | लागत सहभागिता | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**गाउँपालिकाको तर्फबाट**
दस्तदत
कर्मचारीको नाम
पदः
मितिः
छापः

**रोहवर**
दस्तखत
अध्यक्ष/उपाध्यक्षको नाम
पदः
मितिः

**फर्मको तर्फबाट**
दस्तखत
कृषकको नामः
पदः
मितिः
छापः

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३



प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७७ साल पौष १६ गते बसेको गाउँ कार्यपालिका बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु।

(प्रदिप राई)

अध्यक्ष

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बोटाङबजार, खोटाङ
२०७३

मिति :- २०७७/०९/१६